वर्षः १ अंकः ४ मंसिर, २०७७

# चन्द्रकोट बुलेटिन

ई–मासिक

**चन्द्रकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

शान्तिपुर, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

# चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित चन्द्रकोट बुलेटिन (ई-मासिक) को प्रकाशन समिति



अनन्तपाणि मरासिनी
संरक्षक



कृष्ण प्रसाद गौतम
संयोजक



पवन पोखेल
सदस्य



सुमित्रा भण्डारी
सदस्य



यज्ञमुर्ति न्यौपाने
सल्लाहकार



नयन सिंह ठकुरी
सल्लाहकार



शिव प्रसाद ज्ञवाली
सल्लाहकार

# <u>बिषय सूची</u>


| क्र.स. | विवरण | पेज नं. |
|---|---|---|
| १. | शाखागतकार्य सम्पादन | १ |
| २. | चन्द्रकोट गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका विभिन्न कार्यहरुको मासिक प्रगति विवरण | १३ |
| ३. | चन्द्रकोट गाउँपालिका भित्रका जनप्रतिनिधिहरुको विवरण | १८ |
| ४. | चन्द्रकोट गाउँपालिका भित्रका विद्यालय र प्रधानाध्यापकहरुको विवरण | २० |

## शाखागत कार्य सम्पादन

**१. प्रमुख प्रशासकीय अधिकृत :**

नेपालको सविधान (२०७२) जारी भई सोही आधारमा रही नेपाललाई तीन तहको राजनैतिक संरचना संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरियो। स्थानीय तह संचालनको मुख्य ऐन राष्ट्रपतिबाट प्रमाणित भई लागु भएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-११ को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था भएअनुसार चन्द्रकोट गाउँपालिकामा एक प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रहेको छ।यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्य सोही दफामा उल्लेखित व्यवस्था अनुरुप प्रमुख प्रशासकीय अधिकृतबाट सम्पादित हुदै आएको छ र हाल चन्द्रकोट गाउँपालिकामा रा.प. तृतीय श्रेणीका अधिकृत श्री अनन्तपाणि मरासिनी प्रमुख प्रशासकीय अधिकृतका रुपमा रहनु भएको छ।चन्द्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार स्थानीय सञ्चालन ऐन अनुसार देहाय बमोजिम रहेका छन् :-

१. सभा र कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने,

२. सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने/गराउने,

३. अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने,

४. कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछ्र्यौट गर्ने/गराउने,

५. आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने,

६. गाउँपालिका वा नगरपालिकाको चल-अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने/गराउने,

७. अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने,

८. कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने,

९. न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने/गराउने,

१०.गाउँपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,

११.सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने/गराउने,

१२.सभा वा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने/गराउने,

१३. प्रशासकीय अन्य आवश्यक कार्य गर्ने/ गराउने।

चन्द्रकोट बुलेटिन (ई-मासिक)

## २. प्रशासन योजना तथा अनुगमन शाखा

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र प्रशासनिक व्यवस्थालाई प्रभावकारी बनाउनका लागि एक प्रशासन योजना तथा अनुगमन शाखा रहेको छ। जसमा प्रशासन इकाई, राजश्व इकाई, योजना तथा अनुगमन इकाई, कानुनी मामिला इकाई रहेका छन्। जसअन्तर्गत प्रशासन इकाईले कर्मचारीहरुको दैनिक हाजिरी अध्यावधिक गर्ने/गराउने, विभिन्न किसिमका अभिलेखहरु राख्ने, कर्मचारीहरुको नियुक्ति/सरुवा/अवकासका लागि आवश्यक प्रकृया गर्ने, विविध प्रकारका टिप्पणीहरु तयार गर्ने, चिठीपत्र दर्ता चलानी गर्ने विभिन्न संघीय तथा प्रादेशिक मन्त्रालय, विभाग एवं जिल्ला स्थित सरकारी र अन्य निकायहरुबाट आएका पत्रहरुको प्रत्युत्तर तथा सिफारिस पत्रहरु तयार गर्ने कामहरु गर्ने जिन्सी इकाईमार्फत कार्यालयको जिन्सी सामानहरुको व्यवस्थापन गर्ने, जिन्सी दाखिला तथा अभिलेखीकरण, कानुनी मामिला इकाईमार्फत फिरादपत्र, उजुरी, निस्सा, कानुनी कारवाहीका लागि न्यायिक समितिमा पठाउने लगायतका तोकिएका कामहरु गर्ने, राजश्व इकाईमार्फत गाउँपालिकाभित्रका राजश्व सम्बन्धी कामहरु गर्ने/गराउने, वडाहरुको विभिन्न विवरण अध्यावधिक गर्ने, विभिन्न विकास योजनाहरुको सम्झौता, फरफारकका लागि टिप्पणी तयार गर्ने, योजना अनुगमनमा सदस्य-सचिव भई शाखाले अनुगमन कार्यमा सहभागी हुने लगायतका विभिन्न कार्यहरु गर्ने कामका लागि यो शाखा क्रियाशिल रहेको छ। जस अन्तर्गत निम्न कर्मचारीहरु कार्यरत छन्

१. शिवप्रसाद ज्ञवाली - अधिकृत छैठौं - शाखा प्रमुख
२. भिम प्रसाद सापकोटा - सहायक पाँचौं - इकाई प्रमुख (जिन्सी)
३. तिर्थराज खनाल - सहायक पाँचौ - (योजना ईकाइ)
४. संगीता भट्टराई - सहायक पाँचौ (लेखा) - इकाई प्रमुख (राजश्व)
५. यम कुमारी राना - सहायक पाँचौ - इकाई प्रमुख (कानुनी मामिला/प्रशासन)
६. सुमित्रा भण्डारी - कम्प्युटर अपरेटर - प्रशासन इकाई

**शाखा अन्तर्गत कार्तिक महिनामा भएका मुख्य क्रियाकलापहरु**

यस शाखासँग सम्बन्धित कार्तिक महिनामा भएका क्रियाकलापहरुलाई ईकाइ गत रुपमा उल्लेख गरिएको छः-

**क. प्रशासन इकाई मार्फत भएका कार्यहरु**

१. प्रशासनिक फाईलहरुको तथा पत्रहरुको व्यवस्थापन
२. कर्मचारीहरुको दैनिक हाजिरी अद्यावधिक
३. कर्मचारीहरुको विदा तथा काज भ्रमण अभिलेखिकरण
४. विभिन्न किसीमका १३ वटा पत्रहरु दर्ता र ६९ वटा पत्रहरु चलानी
५. विभिन्न प्रकारका ४ वटा सूचनाहरु प्रकाशन
६. विभिन्न संघसंस्थाहरु सूचिकृत
७. थप फाईल यवस्थापनको लागि फाईल श्रृजना
८. विभिन्न पदको लागि विज्ञापन प्रकाशन तथा सिफारिस

**ख. राजश्व इकाई मार्फत भएका कार्यहरु**

१. आर्थिक वर्षको आर्थिक तथा सम्बद्ध ऐनहरुको अध्ययन

२. विभिन्न प्रकारका राजश्वहरु संकलन तथा बैङ्क दाखिला

३. गाउँ कार्यपालिका मार्फत हुने राजश्व सम्बन्धी क्रियाकलाप

४. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट प्राप्त राजश्वहरुको अभिलेखीकरण, बैंक दाखिला तथा मासिक प्रतिवेदन तयार

**ग. योजना तथा अनुगमन इकाई मार्फत भएका कार्यहरु**

१. चन्द्रकोट गाउँपालिका गाउँसभाद्वारा चालु आ.व. का लागि स्वीकृत विभिन्न योजनाहरुको ६ वटा योजनाहरुको उपभोक्ता समिति/संस्थासँग सम्झौता तथा कार्यदिश प्रदान

२. विभिन्न योजनहरुको स्थलगत निरीक्षण तथा अनुगमन एवं सम्पन्न फरफारकको निमित्त टिप्पणी उठान एवं भुक्तानी प्रकृया

३. विभिन्न योजना तथा कार्यक्रमको शिलवन्दी दरभापत्र/शील कोटेशन/बोलपत्र/दरभाउ पत्र/ठेक्का खोल्ने कार्य एवं सूचनाको म्याद समाप्त भएकाहरुको आवेदकहरुसँग संझौता

**घ. कानुनी मामिला इकाई मार्फत भएका कार्यहरु**

१. गाउँपालिकामा दर्ता हुन आएका मुद्दाको दर्ता तथा न्यायीक निरुपणको कार्ययोजना अनुरुप काम गरिएको

२. गाउँपालिका स्तरीय न्यायीक ईजलास कक्षको निर्माणको कार्ययोजना निर्माण

३. वडा स्तरीय मेलमिलाप कक्ष निर्माणको तयारी

**ङ. जिन्सी तथा भण्डारण इकाईमार्फत भएका कार्यहरु**

१. चालु आर्थिक वर्ष २०७७/०७८ को जिन्सी सामाग्री खरिद तथा दाखिला एवं निकासा

२. जिन्सी श्रेस्तालाई थप व्यवस्थित बनाउन प्रयोजनार्थ विविध कार्यहरु

३. कार्यालयका आवश्यक मसलन्द सामाग्री खरिद

४. वार्षिक खरिद योजना अनुरुप विभिन्न कामहरु

५. यस महिनामा मात्र ५ वटा खरिद समितिको बैठक बसी विभिन्न निर्णयहरु गरिएको

**च. संघ संस्था तथा व्यवसाय दर्ता ईकाइ**

१. चालु आर्थिक वर्ष २०७७/०७८ मा ५ वटा विभिन्न प्रकृतिका प्राईभेट फर्म दर्ता

२. चालु आर्थिक वर्ष २०७७/०७८ मा १ वटा सेवामूलक संस्था दर्ता

३. संघ संस्था तथा प्राईभेट फर्म हरुको विवरण अध्यावधिक

**छ. सहकारी ईकाइ**

१. विगतमा दर्ता भएका सहकारी संस्थाहरुलाई अध्यावधिक गर्ने

२. सहकारीहरुको लेखापरिक्षण गर्न स्वीकृति प्रदान

३. सहाकारी संस्था संचालन तथा कर व्यवस्थापन सम्बन्धि तालिमबाट प्राप्त उपलव्धिहरुको परिचालनको लागि विभिन्न सहकारी संस्थाहरुमा उपस्थिति

४. सहकारीहरुको नियमन तथा संचालनको लागि अनुगमन

**३. आर्थिक प्रशासन शाखा :**

चन्द्रकोट गाउँपालिकाको गाँउ सभाबाट पारित भई अध्यक्षज्यूबाट प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न शाखा तथा वडा कार्यालयहरुलाई प्राप्त बजेटअख्तियारी अनुसार कार्यक्रम बनाउने, बजेट निकासा गर्ने, नियमाअनुसार खर्च गर्ने, त्यसको अभिलेख राख्ने, खर्च गरिएका कारोबारहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने एवं लेखा परीक्षणबाट औल्याईएका बेरुजुलाई फछ्र्यौटगर्नको लागि आवश्यक कागजात तथा प्रमाणहरु जुटाउने उद्देश्यले यस गाउँपालिकामा आर्थिक प्रशासन शाखा संचालनमा रहेको छ। यस शाखाले गाउँपालिकामा हुने सम्पूर्ण आर्थिक कारोबारका विवरण तथा श्रेस्ता बनाई प्रमाणित गरी सुरक्षित राख्ने, संरक्षण गर्ने कार्य गर्दछ। प्रचलित कानुनको अधिनमा रही वित्तीय अनुशासनलाई कायम गर्दै आर्थिक एवं वित्तीय जवाफदेहीताको पालना गर्ने र त्यसका लागि आवश्यक राय सुझाव समेत प्रदान गर्दछ। विभिन्न किसिमका कर तथा आम्दानीका विभिन्न कार्यक्रमको तयारीका लागि यस शाखाको महत्वपूर्ण भूमिका रहेको छ ।

**<u>कर्मचारी विवरण :</u>**

यस शाखामा निम्न कर्मचारीहरु रहेका छन् ।

१.बशन्त रिजाल- लेखा प्रमुख(अधिकृत छैठौं)

२.संगीता भट्टराई- सहायक पाचौं (लेखा)

**<u>शाखाका काम, कर्तव्यहरु :</u>**

१. विनियोजित रकम खर्च भएकोमा आ.ले.प. तथा लेखा परीक्षण गराउने,
२. आर्थिक विवरण तयार पारी स्वीकृति भएपछि सम्वन्धित निकायमा पठाउने,
३. विभिन्न प्रकारका बेरुजु फर्छयौट सम्वन्धमा आवश्यक प्रमाण जुटाई बेरुजु फर्छयौटसम्बन्धी कार्य गर्ने गराउने,
४. नयाँ आ.व.को लागि बजेटको तयारीका लागि आर्थिक विषयमा सुझाव/राय प्रदान गर्दै बजेट छलफलमा भाग लिने,
५. गाँउपालिका र मातहतका शाखाहरुमा आर्थिक सुशासन कायम हुने आवश्यक व्यवस्था मिलाउने,
६. कारोबारहरुलाई मितव्ययी तथा पारदर्शी बनाई आर्थिक तथा वित्तीय जवाफदेहिता कायम गर्ने।
७. कारोबारहरुको लेखाङ्कन तथा कागजातहरुको संरक्षण गर्ने ।
८. विभिन्न किसिमका आर्थिक प्रतिवेदनहरु तयारी गर्ने ।

**<u>कार्तिक महिनामा यस शाखाबाट गरिएका कार्यहरु :</u>**

१. विगतका वर्षहरुमा औल्याईएका बेरुजुलाई पछ्यौट गर्नका लागि लेखा समितिको वैठकमा सहभागी भई कागजात तथा प्रमाणहरु जुटाएको ।
२. आर्थिक वर्ष २०७७/०७८ मा सम्पुर्ण भुक्तानी जस्तै कर्मचारीको तलब भत्ता ,सामाजिक सुरक्षा भत्ता, तथा गा.पा. अन्तर्गतका विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुको तलब रकम निकाशा गरिएको ।
३. विभिन्न किसिमका कर दाखिला गरी अभिलेख सुरक्षित राखेको।
४. बैक नगदी हिसाब मिलान गरी प्रतिवेदन सुरक्षित राखेको ।
५. धरौटी कारोबारको हिसाब राखेको ।
६. राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग र स्थानीय निकायहरुकबीचको अन्तरक्रिया कार्यक्रममा स्थानीय तहको कार्यसम्पादन सुचक जसले स्थानीय तहमा अनुदानमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने विषयमा अनलाईन virtual meeting मा सहभागी भएको ।
७. आ.व.२०७६/०७७ मा भुक्तानी दिन बाँकी रहेका केही कुराहरुको भुक्तानी गर्नुका साथै विभिन्न खरिद समितिमा सहभागि भएको ।
८. आर्थिक प्रशासन शाखासँग सम्बन्धित सम्पूर्ण कार्यहरु गरेको ।

**४. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा :**

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि एक पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा रहेको छ।यसले समग्रमा निर्माण तथा मर्मत कार्यमा सहयोग गर्ने गर्दछ।भौतिक पूर्वाधार निर्माणमा जिल्ला तथा स्थानीय दररेटको निर्धारण गरी सोही बमोजिम आफ्नो कार्य अगाडि बढाउने गर्दछ।यस शाखा अन्तर्गत सडक तथा पूर्वाधार विकास ईकाइ, भवन तथा मापदण्ड कार्यान्वयन ईकाइ, वातावरण सरसफाई तथा विपद् व्यवस्थापन ईकाइहरु रहेका छन् ।जस अन्तर्गत सडक तथा पूर्वाधार ईकाइले गाउँपालिका भित्रका समग्र सडक पूर्वाधारहरुको व्यवस्थापन, निर्माण कार्यमा प्राविधिक सहयोग, लागत अनुमान तयारी, फिल्ड अनुगमन, निर्माण कार्यमा प्राविधिक सहयोग तथा मुल्याङ्कन लगायतका कामहरु गर्ने गर्दछ।यसैगरी यस शाखा अन्तर्गत रहेको भवन तथा मापदण्ड कार्यान्वयन ईकाइले गाउँपालिका भित्रका भवनहरुको निर्माण कार्यको क्रममा मापदण्ड अनुरुप बनाउन सहयोग तथा निर्देशन गर्ने, गाउँपालिकाको भौगोलिक बनावट अनुसारको मापदण्ड निर्धारण तथा कार्यान्वयन गर्ने गर्दछ।यसै शाखा अन्तर्गत रहेको वातावरण सरसफाई तथा विपद् व्यवस्थापन ईकाइले कुनै निर्माण कार्य गर्नुभन्दा पहिले दीगो विकासको अवधारणालाई कार्यान्वयन गर्दछ।यसैगरी वातावरणीय प्रभाव मूल्याङ्कन गरी भौतिक निर्माण कार्यमा सहजता ल्याउन भूमिका खेल्दछ।गाउँपालिका भित्र कुनै मानवीय तथा प्राकृतिक विपत्तिका कारण हुने जनधनको क्षतिलाई न्यूनीकरण तथा भएको क्षतिमा राहत पिडितहरुको निवेदन संकलन गरी सरोकारवाला निकाय समक्ष राहतको लागि सहजीकरण गर्ने गर्दछ।जसमा निम्न कर्मचारीहरु कार्यरत रहेका छन्

१. यूवराज पन्थी - ईन्जिनियर- शाखा प्रमुख

२. शंकर प्रसाद मण्डल - सव-ईन्जिनियर

३. अस्मित गौतम - सव-ईन्जिनियर

४. विवेक भण्डारी - अ.सव-ईन्जिनियर

५. राधा खत्री क्षेत्री - अ.सव-ईन्जिनियर

६. लिल बहादुर काला - अ.सव-ईन्जिनियर

७. सुरेश न्यौपाने - खा.पा.स.टे. - ईकाइ प्रमुख (विपद् व्यवस्थापन ईकाइ)

**यस शाखा अन्तर्गत कार्तिक महिनामा भएका मुख्य गतिविधिहरुः**

**सडक तथा पूर्वाधार विकास ईकाइ मार्फत भएका मुख्य कार्यहरु**

१. आर्थिक वर्ष २०७६/०७७ मा काम पूरा हुन नसकी कार्यपालिकाबाट म्याद थप भएका योजनाहरुको स्थलगत अवलोकन तथा सुपरिवेक्षण
२. विभिन्न परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी
३. विभिन्न समपुरक खानेपानी योजना तथा खरको छाना बिस्थापन कार्यक्रमको लागि जस्तापाताको लागत अनुमान तयार गरी पाइप तथा फिटिङ्गहरु र जस्तापाता खरिदको बोलपत्र गरियो ।
४. चालु आर्थिक वर्षका योजनाहरुको सफल कार्यान्वयनका लागि विभिन्न मार्गचित्र निर्माण
५. विभिन्न योजनाहरुको संझौता गरियो ।
६. अन्य पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन सम्बन्धी कार्यहरु

**भवन तथा मापदण्ड कार्यान्वयन ईकाइ**

१. यससँग सम्बन्धित आयोजनाहरुको ठेक्का प्रकृयाका लागि आवश्यक गृहकार्य तथा कार्ययोजना निर्माण।
२. चन्द्रकोट गाउँपालिकाको सभाहल निर्माणको लागि आवश्यक गृहकार्य तथा कार्ययोजना निर्माण।
३. चन्द्रकोट गाउँपालिकालाई प्रदेश सरकारबाट विनियोजित पूर्वाधार सम्बन्धि कामहरुको निर्माणको लागि आवश्यक गृहकार्य तथा कार्ययोजना निर्माण।

**वातावरण सरसफाई तथा विपद् व्यवस्थापन ईकाइ**

१. विपद् मा परेका नागरिकहरुको घरको अवलोकन।
२. विपद् व्यवस्थापन सम्बधि राहत का लागि आएको फाइलहरु दर्ता ।
३. वर्षात् को कारण असर पुग्न गएका सार्वजनिक स्थानहरुको अभिलेखीकरण।

चन्द्रकोट बुलेटिन (ई-मासिक)

४. पहिरोका कारण विस्थापित हुन पुगेका परिवारलाई राहतको पहलका लागि सरोकारवाला निकाय समक्ष लेखि पठाएको ।

**५. सामाजिक विकास शाखा**

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र सामाजिक विकासको तथा सोसँग सम्बन्धित कार्यहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि एक सामाजिक विकास शाखा रहेको छ। यसले गाउँपालिका भित्रका नागरिकहरुप्रतिको स्थानीय सरकारको उत्तरदायित्व वहन गराउनका लागि महत्वपूर्ण सहयोग गर्दछ। नागरिकहरुको जन्मदेखिको मृत्युसम्मको सम्पूर्ण सरकारी श्रेस्ता तयार तथा प्रमाणित गर्ने, पछाडि पारिएका, अल्पसंख्यक तथा विपन्न नागरिकहरुको लागि क्षमता विकास लगायतका कार्यक्रमहरु संचालन गर्ने, महिला तथा बालबालिकाहरुको हितअनुकूलका कार्यक्रमहरु संचालन गर्ने, फरक क्षमता भएका नागरिकहरुको विवरण अध्यावधिक गरी उनीहरुलाई परिचयपत्रको व्यवस्था गर्ने, जेष्ठ नागरिकहरुको सामाजिक उत्तरदायित्व वहन गर्ने तथा गराउने कार्यमा सहजीकरणका साथै उल्लेखित नागरिकहरुको संरक्षण तथा हितअनुकूलका योजना तथा बजेट एवं कार्यक्रमहरु कार्यान्वयन गर्ने कामहरु गर्दै आएको छ। गाउँपालिकाको तर्फबाट हुने सार्वजनिक हित तथा संरक्षणका लागि समेत कार्य गर्नका स्थापित यस शाखा अन्तर्गत देहायका कर्मचारीहरु रहेका छन्

१. भुवन बहादुर वस्नेत - अधिकृत छैठौं - प्रमुख
२. तिर्थराज खनाल - सहायक पाँचौ - इकाई प्रमुख
३. पवन पोखेल - एम.आई.एस. अपरेटर
४. यम बहादुर के.सी - फिल्ड सहायक

**यस शाखा अन्तर्गत कार्तिक महिनामा भएका मुख्य कामहरुः**

**क. महिला बालवालिका तथा समाजकल्याण इकाईतर्फः**

१. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन कार्यविधि) २०७७ कार्यपालिकाबाट पारित।
२. महिला, बालबालिका तथा जेष्ठ नागरिकका साथै लक्षित समूहहरुका लागि बनेका नीति तथा कार्यक्रमका सम्बन्धमा छलफल।
३. अपाङ्गता समन्वय समितिको बैठक बसी अपाङ्गता परिचयपत्र वितरण।

**ख. सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाईतर्फः**

१. आ.व. ०७७/०७८ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता माग र वितरण।
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली MIS मा इन्ट्री।
३. प्रत्येक वडामा नमूना उपलब्ध गराई सो सम्बन्धी आवश्यक जानकारी प्रदान।

चन्द्रकोट बुलेटिन (ई-मासिक)

४. विभिन्न वडाहरुमा जन्म, विवाह, बसाईसराई, मृत्युदर्ता प्रमाणित।
५. विभिन्न कार्यगत फाइल निर्माण तथा पुराना आ.व. का फाईलिङ्ग व्यवस्थापन।
६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी वडागत रुपमा अनुगमन तथा अवलोकन।

## ६. शिक्षा, युवा तथा खेलकुद शाखा

चन्द्रकोट गाउँपालिकाभित्रको समग्र शिक्षा, युवा तथा खेलकुदको क्षेत्रलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारको स्थानीय तहको संगठनात्मक ढाँचाअनुरुप एक शाखाको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ।यस शाखाबाट स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी विभिन्न काम, कर्तव्य र अधिकारमध्येका कार्यपालिकाद्वारा प्रत्यायोजित एवम् गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिमका कार्यहरु सम्पादित हुने गर्दछन्।यसका साथै युवा तथा खेलकुद सम्बन्धी विविध कार्यहरु समेत यस शाखाबाट सम्पादित हुने गर्दछन्। संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षा, युवा तथा खेलकूदको क्षेत्रमा स्थानीय तहमा हस्तान्तरित हुने विभिन्न कार्यक्रमहरू कार्यान्वयन गराउने स्थानीय तहको मूख्य निकायको रूपमा यस शाखा रहेको छ।यस शाखाबाट मूलतः आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक सिकाइका साथै सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन, मूल्यांकन तथा नियमनसम्बन्धी कार्यहरु, आधारभूत तहको परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थीको सिकाइ उपलब्धी तथा शिक्षक र कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन, शिक्षक तथा कर्मचारीको तलब निकासासम्बन्धी विविध कार्यहरु, विद्यालयको सामाजिक तथा आर्थिक परीक्षण, सामुदायिक विद्यालयहरुलाई दिइने विभिन्न अनुदान निकासासम्बन्धी कार्यहरुलगायत शिक्षा, युवा तथा खेलकुद सम्बन्धी संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रमको कार्यान्वय, नियमन, अनुगमन तथा सहजीकरणका कार्यहरु हुने गर्दछन्। चन्द्रकोट गाउँपालिकाको दरवन्दी तेरिजअनुसार यस शाखामा हाल निम्न कर्मचारीहरु कार्यरत छन्।

१. नयन सिंह ठकुरी - शाखा प्रमुख - शिक्षा अधिकृत (छैटौं)
२. धनपति पौडेल - प्राविधिक सहायक - सहायक पाँचौ

<u>शाखाअन्तर्गत कार्तिक महिनामा सम्पादित मुख्य क्रियाकलापहरू:</u>

१. शाखाबाट प्रकाशित सूचना अनुसार विविध शीर्षकमा प्राप्त प्रस्तावनाका आधारमा अनुदान प्राप्त गर्ने विद्यालयहरुको छनौट।
२. सरकारी अनुदानबाट तलव भत्ता प्राप्त शिक्षकहरुको लागि अपुग रकम माग।
३. शिक्षा विकास तथा समन्वय इकाई मार्फत् प्रकाशन गर्न लागिएको शैक्षिक दर्पणका लागि आवश्यक शैक्षिक विवरण पेश।
४. विविध शीर्षकमा प्राप्त प्रतिवेदनहरुको दर्ता तथा फाइलिङ्ग।

## ७. कृषि विकास शाखा

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र कृषि उत्पादन तथा उत्पादकत्वलाई प्रभावकारी तथा कृषिमा आत्म निर्भर बनाउका लागि कृषि विकास शाखा रहेको छ । जसअन्तर्गत कृषि प्रबिधिमा आधारित र कृषि विकासमा टेवा पुग्ने प्राबिधिक, सामाजिक, आर्थिक पक्षको बिश्लेषणात्मक रचनालाई उचित स्थान राख्दै कृषकहरुको समस्या पहिचान गरी समस्याको समाधान गर्ने र उचित सल्लाह सुझाब दिने कार्य गर्दै आएको छ। कृषि विकासलाई थप टेवा पुराउनको लागि वडा नं. ३ हर्रचौर, ५ ग्वाघा र ७ रुपाकोटमा एक गाउँ एक प्राबिधिक कार्यक्रम अन्तर्गत कृषि प्राबिधिक ब्यबस्थापन गरिएको छ । यस कृषि शाखाले सम्पूर्ण वडागत अनुगमन कार्यमा सहभागी हुने लगायतका विभिन्न कार्यहरु गर्ने कामका लागि यो शाखा क्रियाशील रहेको छ।जस अन्तर्गत निम्न कर्मचारी कार्यरत छन् :

१. गिरीराज खत्री - प्राबिधिक सहायक (कृषि)
२. पुनम दमाई - ना.प्रा.स. वडा नं. ३ हर्रचौर
३. सुमन कुवर - ना.प्रा.स. वडा नं.५ ग्वाघा
४. राधिका बि .क. - ना.प्रा.स. वडा नं.७ रुपाकोट

**शाखा अन्तर्गत कार्तिक महिनामा भएका प्रमुख कार्यहरु :-**

१. कृषि ज्ञान केद्रको आर्थिक सहयोगमा वडा नं. ७ र ८ मा धान ब्लक कार्यक्रम सञ्चालनको लागि कृषक भेला गरी समिति गठन गरियो ।
२. एक गाउँ एक प्राबिधिक (OVOT) छलफल गरियो ।
३. कृषि ज्ञान केन्द्रको कार्यक्रममा सहभागी ।
४. फार्म, समूह अभिलेखीकरण तथा नबिकरण ।
५. कृषकहरुको फार्म अनुगमन तथा निरीक्षण ।

**८. पशु सेवा शाखा**

चन्द्रकोट गाँउपालिकाको समग्र पशुपंक्षी क्षेत्रको विकास गर्नको लागि गाँउपालिकाअन्तर्गत एक पशु सेवा शाखा रहेको छ ।यस शाखाले गाउँपालिकाभित्रका पशुपंक्षीपालन गर्दै आएका कृषकहरुको समस्या पहिचान गर्ने, समस्याको समाधान गर्ने र उचित सल्लाह सुझाब दिने कार्य गर्दै आएको छ।पशुसेवालाई थप प्रभाबकारी बनाउनको लागि वडा नं. ८ मजुवामा पशु सेवा इकाई रेहको छ भने नेपाल सरकारको एक गाउँ एक प्राविधिकको नीतिअनुसार यस शाखाअन्तर्गत प्राविधिकहरु वडा नं.१, २ र ६ मा कार्यरत छन । पशु सेवा शाखामा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छन।

१. इश्वरी प्रसाद वली (पशु सेवा प्राविधिक) चन्द्रकोट गाउँपालिका
२. ललिता वि.क. (पशु सेवा प्राविधिक) पशु सेवा इकाई मजुवा
३. सागर खनाल (नायबपशु सेवा प्राविधिक) १ नं. वडा कार्यालय
४. लक्ष्मणगुरुङ्ग (नायबपशु सेवा प्राविधिक) २ नं. वडा कार्यालय
५. टोप बहादुर राना मगर (नायब पशु सेवा प्राविधिक) ६ नं. वडा कार्यालय

**यस पशु सेवा शाखाबाट कार्तिक महिनामा भएका प्रमुख कार्यहरुः-**

१. कृतिम गर्भाधानको लागि आवश्यक पर्ने तरल नाइट्रोजन रसिमेन खरिद गर्न भैरहवा र पाल्पा गएको ।
२. पशु बिमाको लागि वडा नं. ४ र ६ का कृषकको घरघरमा गएर पशुहरुको स्वास्थ्य परीक्षण गरेको ।
३. शाखाबाट कृषकहरुलाई विभिन्न किसिमका औषधी वितरण र परामर्श दिएको ।
४. शाखामा पशुपंक्षी फार्म नवीकरण तथा अभिलेखीकरण ।
५. कृषि तथा पशु सेवा प्राविधिकहरुसंगआर्थिक वर्ष २०७७/०७८ को प्रथम वैठक बसी वर्तमान स्थितिमा भइरहेको समस्या र समाधानको विषयमा छलफल गरिएको ।
६. पशुपंक्षीको औषधी खरिद गरिएको।
७. स्थानिय तहका प्राविधिक तथा सरोकारवालाहरुसंग अन्तक्रिया कार्यक्रममा सहभागी तम्घास पठाइएको।

**जय पशुधन ।**

**९. स्वास्थ्य सेवा शाखा**

चन्द्रकोट गाउँ कार्यपालिकाको समग्र स्वास्थ्यसँग सम्बन्धित कार्यहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि स्वास्थ्य शाखा रहेको छ । यस शाखाले गाउँपालिका भित्रका ८ वटै स्वास्थ्य चौकीलाई हेर्दै आएको छ । स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि ७ वटा सामुदायिक स्वास्थ्य इकाई सन्चालन गरी समुदायका नागरिकहरुलाई सहजीकरण गर्दै आएको छ ।

यस शाखाले विभिन्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई दक्ष बनाउनको लागि विभिन्न किसिमका तालिमहरु (जस्तै SBA, CBIMNCI, खोप, क्लिनिकल अपडेट, नयाँ महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिम, HMIS तथा LMIS तालिम आदि) मा सहभागी बनाइ स्वास्थ्यकर्मीहरुलाई दक्ष बनाउदै आएको छ । गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुलाई घरघरमा गई स्वास्थ्य सेवा दिनुका साथै गम्भिर प्रकृतिका रोग भएका विरामीहरुलाई आर्थिक सहयोग गर्दै विभिन्न ठाउँमा उपचारको लागि सहजीकरणको लागि सिफारिस पत्र दिएको छ । यस स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छन् ।

१. प्रकाश शर्मा (जनस्वास्थ्य निरीक्षक)
२. हिरा थापा मसराङ्गी (अ.न.मी)
३. सन्जु पोखरेल (अ.न.मी)

**यस शाखा अन्तर्गत कार्तिक महिनामा भएका मुख्य कामहरुः-**

१. मासिक बैठक सन्चालन ।
२. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीद्वारा डाटा इन्ट्री ।

चन्द्रकोट बुलेटिन (ई-मासिक)

३. आवश्यक औषधिहरु विभिन्न स्वास्थ्य चौकीहरुलाई वितरण।
४. औषधी खरिदको लागि Tender प्रक्रिया गरी मूल्यांकन
५. स्वास्थ्य व्यवस्थापन तालिममा सहभागी।

## १०. आन्तरिक लेखा परीक्षण

गाउँपालिकामा भएका आर्थिक श्रेष्ताहरुको प्रचलित ऐन, नियम, कानुन र प्रक्रियाको परीपालना भए वा नभएको जाँच र परीक्षण गरी तत्काल सुधारका लागि सुझाव सहितको प्रतिवेदन दिई वित्तीय सुशासन कायम राख्न तयार पारिएको संयन्त्र आन्तरिक लेखापरीक्षण हो। नेपालमा आन्तरिक लेखापरीक्षण गर्न संघ र प्रदेश कार्यालयको हकमा आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ९६ बमोजिम कोष तथा लेखानियन्त्रक कार्यालयले र स्थानीय तहको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ अनुसार स्थानीय तहको आन्तरिक लेखापरीक्षण इकाईबाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। यस चन्द्रकोट गाउँपालिकामा भएका आर्थिक कारोबारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिताको प्रयोग गरी लेखापरीक्षण गर्ने कार्य यस इकाईबाट हुन्छ। वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा गाउँपालिकाको व्यवस्थापन पक्ष प्रभावकारी बनाउनका लागि गाउँपालिकामा यस इकाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

**कर्मचारी विवरण :**

यस इकाईमा कार्यरत कर्मचारी।

१. शुक्रराज पौडेल-आन्तरिक लेखा परीक्षक(पाँचौं)

**इकाईका काम, कर्तव्यहरु :**

१. वित्तीय जोखिम न्यूनीकरण गर्दै खर्चमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आर्थिक कृयाकलापको परीक्षण गर्ने।
२. भुक्तानीमा हुन सक्ने कमजोरी, त्रुटीलाई समयमै पहिचान गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने।
३. गाउँपालिकाको कार्ययोजना पालना भए नभएको जाँच गरी सोही अनुसारको कार्य सम्पन्न भए नभएको भिडान गरी सुझाव प्रदान गर्ने।
४. विभिन्न नीति, ऐन, नियम तथा कार्यविधिहरूको कार्यन्वयनमा सहयोग गर्ने।
५. गाउँपालिकाको कार्य प्रक्रियाहरूलाई आवश्यक पृष्ठपोषण गर्ने।
६. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गर्न टेवा पुर्याउने।
७. अन्तिम लेखापरीक्षणको लागि सहयोगी भूमिका निर्वाह गर्ने।
८. सार्वजनिक लेखा प्रणालीमा सुधार गर्ने।

**कार्तिक महिनामा यस इकाईबाट गरिएका कार्यहरु :**

१. आ.व. २०७६/७७ को विभिन्न आर्थिक श्रेस्ताहरुको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको।

२. योजना तथा कार्यक्रमको फरफाँरक गर्ने क्रममा आर्थिक प्रशासन इकाईमा श्रेस्ताहरको पूर्व आन्तरिक लेखा परीक्षणका रुपमा चेक गरी सहजता प्रदान गरेको।

३. सम्बन्धित जिम्मेवार व्यक्तिहरुसँग आवश्यक समन्वय गरेको।

४. आन्तरिक लेखा परीक्षणका क्रममा आवश्यक पर्ने ऐन, नियम तथा कार्यविधिहरुको संकलन तथा अध्ययन।

## ११. सूचना प्रविधि शाखा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमप्रत्येक स्थानीय तहमा संचालनमा आएको छ जुन कार्यक्रममार्फत सूचना प्रविधि अधिकृतलाई सूचना तथा प्रविधिको प्रयोग गरीसुशासन कायम गर्ने उद्देश्यले नियुक्ति गरेकोहो। गाउँपालिकाको हरेक सूचना बिज्ञापन, जानकारी, निर्णय, लगायत जानकारी बिद्युतीय मध्यम (websitemobile apps, Facebook page ) मार्फत सार्वजनिक गर्ने तथा गाउँपालिकामाप्रविधिको प्रयोग गरी सुशासन कायम गर्ने लगायतकाकार्यहरु सूचना प्रविधि शाखाअन्तर्गत पर्दछ।

**कर्मचारी विवरण :**

यस शाखामा कार्यरत कर्मचारी

१. कृष्णप्रसाद गौतम (सूचना प्रविधि अधिकृत )

**कार्तिक महिनामा यस शाखामार्फत भएका मुख्य कार्य यस प्रकार छन**

१. वेवसाइट, फेसबुक पेज निरन्तरअपडेट।

२. इमेल चेक गरी विभिन्न सूचना आदान प्रदान ।

३. CMIS अपडेट।

४. कम्प्युटर, प्रिन्टर, इन्टरनेट, टेलिफोन मर्मत ।

५. शाखाअन्तर्गतको कार्यक्रमको कार्यान्वयन ।

६. मासिक प्रगति प्रतिवेदन तयार

७. मासिक चन्द्रकोट बुलेटिन तयार ।

## १२. रोजगार सेवा केन्द्र

स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने, वैदेशिक रोजगार प्रवर्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता बितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने गर्दछ ।यस सेवा केन्द्रमा रोजगार संयोजक (अधिकृत) र प्राविधिक सहायक (सहायक पाँचौ) गरी २ जना कर्मचारी रहनेछन् ।

**कर्मचारी विवरण :**

यस शाखामा कार्यरत कर्मचारी

१. यज्ञमुर्ति न्यौपाने - रोजगार संयोजक

२. किरण थापा - प्राविधिक सहायक (पाँचौं)

चन्द्रकोट बुलेटिन (ई-मासिक)

रोजगार सेवा केन्द्र अन्तर्गत कार्तिक महिनामा भएका मुख्य कार्यहरु :

१. सम्पूर्ण वडाबाट प्राप्त बेरोजगार आवेदकहरुको छानविन।

२. रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा परिविष्ट।

३. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाहरुको सर्वेक्षण।

४. रोजगार सेवा केन्द्रको प्रशासनीक कार्य ।

## चन्द्रकोट गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका विभिन्न कार्यहरुको मासिक प्रगति विवरण:-

### १) मुख्य सम्पादित कार्यहरु

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | कार्तिक महिनाको उपलब्धि | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|
| १. | **पञ्जिकरण तर्फ** | | | |
| | क. जन्मदर्ता | ५१ | २१२ | |
| | ख. मृत्युदर्ता | १३ | ९० | |
| | ग. विवाहदर्ता | १२ | ३८ | |
| | घ. सम्बन्ध विच्छेद | ० | २ | |
| | ङ. बसाइसराइ दर्ता | ७ | २६ | |
| | च. बसाइ सरी गएको | ६ | १७ | |
| | छ. बसाइ सरी आएको | १ | ८ | |
| २. | **सामाजिक सुरक्षातर्फ** | | | |
| | वितरण गरिएको रकम | | | |
| | जम्मा लगत कट्टा भएको संख्या | १५ | २०२ | |
| | जम्मा थप भएको संख्या | ८ | ८७ | |
| | हाल कायम भएको जम्मा संख्या | ७ | २४८० | |
| | **विभिन्न सिफारिस पत्रहरु** | | | |
| | क. नाता प्रमाणित संख्या | २९ | १०६ | |
| | ख. आम्दानी प्रमाणित संख्या | ११ | ३७ | |
| | ग. नागरिकता सिफारिस | ४८ | १०८ | |
| | घ. नाबालक परिचयपत्र सिफारिस | ४ | ७ | |
| | ङ. प्रतिलिपि नागरिकता सिफारिस | १३ | ४० | |
| | च. पेन्सन सम्बन्धी कागजात सिफारिस | ० | ३ | |
| | छ. अन्य प्रमाणित | ७९ | २६४ | |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

| | | | | |
|---|---|---|---|---|
| | ज. अन्य सिफारिस पत्र संख्या | १९५ | ५५६ | |
| ४. | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | | |
| | क. राहत प्राप्त गर्ने संख्या | ० | ० | |
| | ख. आर्थिक सहायता रकम | ० | ० | |
| ५. | **न्यायिक समिति सम्बन्धी विवरण** | | | |
| | क. न्यायिक समितिमा दर्ता भएका निवेदन संख्या | १ | २ | |
| | ख. फर्छ्यौट संख्या | ० | १ | |
| | ग. मिलापत्र भएका | ० | २ | |
| | घ. स्थगित निवेदन | ० | ० | |
| | ङ. मिलापत्र हुन नसकी अदालत गएका | ० | ० | |
| | च. मिलापत्रको लागि प्रहरीमा पठाएको | ० | ० | |
| ६. | **संघसंस्था/व्यवसाय सम्बन्धी विवरण** | | | |
| | क. संघसंस्था दर्ता | १ | ३ | |
| | ख. संघसंस्था नविकरण | ० | ० | |
| | ग. व्यवसाय दर्ता | ५ | १७ | |
| | घ. व्यवसाय नवीकरण | ० | ० | |
| ७. | **कृषि/पशु सेवा सम्बन्धी विवरण** | | | |
| | क. कृषिसम्बन्धी फर्म दर्ता | ६ | २४ | |
| | ख. कृषिसम्बन्धी फर्म नविकरण | ३ | २३ | |
| | ग. पशुपालन सम्बन्धी फर्म दर्ता | ५ | १६ | |
| | घ. पशुपालन फर्म नविकरण | ० | १३ | |
| | ङ. कृषक दर्ता संख्या | ० | २ | |
| | च. कृषक समूह दर्ता संख्या | ० | ० | |
| | छ. कृषकहरुलाई विउपल वितरण (कृषक संख्या) | ० | ० | |
| | ज. कृषकहरुलाई औजार वितरण | ० | ३ | |
| | झ. पशुपंक्षी औषधी वितरण | ६८ | २२५ | |
| | ञ. पशुपंक्षी निकासा सिफारिस र संख्या | ० | १ | |
| | ट. कृत्रिम गर्भाधान (गाई) | ५ | ५ | |
| | ठ. कृत्रिम गर्भाधान (भैसी) | ३ | ३ | |
| ८. | **सूचना प्रविधि सम्बन्धी विवरण** | | | |
| | क. सामाजिक संजाल अध्यावधिक पटक | ८ | ३५ | |
| | ख. कार्यालयको वेबसाइट अध्यावधिक पटक | १० | २७ | |
| | ग. SMS मार्फत सूचना सम्प्रेषण | १० | २८ | |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

| | | | | |
|---|---|---|---|---|
| ९. | **महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी विवरण** | | | |
| | क. जेष्ठ नागरिक परिचय पत्र वितरण संख्या | ० | ० | |
| | ख. अपाङ्ग परिचय पत्र वितरण संख्या | ८ | २१ | |
| १०. | **प्रधानमन्त्री रोजगार कार्यक्रमको विवरण** | | | |
| | क. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना | ० | ० | |
| | ख. रोजगारमा संलग्न जनशक्ति | ० | ० | |
| ११. | **अनुगमन सम्बन्धी विवरण** | | | |
| | क. बजार अनुगमन | ० | ४ | |
| | ख. स्वास्थ्य चौकीहरुको अनुगमन | ० | २६ | |
| | ग. वडा कार्यालयहरुको अनुगमन | ४ | २८ | |
| | घ. विद्यालयहरुको अनुगमन | ३ | १७ | |
| | ङ. सहकारी संस्थाहरुको अनुगमन | १३ | ३९ | |
| | च. योजनाहरुको अनुगमन निरीक्षण | १० | १९ | |
| | छ. योजनाहरुको प्राविधिक निरीक्षण | २० | १०९ | |
| | ज. मासुपसलहरुको अनुगमन | ० | ७ | |
| | झ. औषधी पसलहरुको अनुगमन | ० | ८ | |
| | ञ. कृषकहरुको फर्म अनुगमन | १५ | ७२ | |
| | ट. कृषक भेटघाट (कृषिसँग सम्बन्धित) | ४० | २२५ | |
| | ठ. कृषक भेटघाट (पशुपंक्षीसँग सम्बन्धित) | ३० | २३६ | |
| १२. | **योजना सम्बन्धी विवरण** | | | |
| | क. योजना सम्झौता | ६ | २५ | |
| | ख. योजना भुक्तानी | ६ | १३ | |
| १३. | **गुनासो फर्छ्यौट** | | | |
| | क. कार्यालयमा पेश भएको निवेदन मार्फत | ० | ० | |
| | ख. हेल्लो सरकारमार्फत | ० | ० | |
| | ग. सामाजिक सञ्जाल मार्फत | ० | ० | |
| १४. | **बैठक सम्बन्धी विवरण** | | | |
| | क.कार्यपालिका बैठक | १ | ७ | |
| | ख. वडा समिति बैठक | २२ | ९२ | |
| | ग. विषयगत समिति बैठक | ० | २ | |
| | घ. विपद् सम्बन्धी बैठक | ० | ० | |
| | ङ. LCCMC बैठक | ० | २ | |
| | च. खरिद सम्बन्धी बैठक | ५ | १५ | |
| | छ. टेण्डर सम्बन्धी बैठक | २ | ३ | |
| | ज. कर्मचारी छनौट सम्बन्धी बैठक | ० | १० | |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

| | | | | |
|---|---|---|---|---|
| | झ. विपन्न नागरिक उपचार सम्बन्धी बैठक | १ | ६ | |
| | ञ. स्टाफ बैठक | ० | २ | |
| | ट. प्र.अ.हरुको मासिक बैठक | ० | २ | |
| | ठ. अन्य | ० | २ | |
| १५. | **स्वास्थ्य सेवा सम्बन्धी विवरण** | | | |
| | क. स्वास्थ्य संस्थाबाट सेवा लिएका | ३१०१ | १७१०९ | |
| | ख. खोप केन्द्रबाट सेवा लिएका | ४४६ | १३२० | |
| | ग. महिला स्वास्थ्य स्वयंसेविका मार्फत सेवा लिएका | ५५० | २८७० | |
| | घ. गाउँघर क्लिनिकबाट सेवा लिएका | २०९ | १०७३ | |
| | ङ. रोटा खोप | ६६ | १८७ | |
| | च. निशुल्क औषधी वितरण | ३१०७ | १४५५८ | |
| | छ. मातृ तथा नवशिशु संख्या | २१ | १२५ | |
| १६. | **सहायता कक्षबाट सेवा लिनेको संख्या** | ५१ | २३६ | |
| १७. | **ऐन, नियम, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत भएको संख्या** | २ | ३ | |

## ६. राजश्व सम्बन्धी विवरण :-

| कार्यालय | सम्पति कर | घरजग्गा र मालपोत कर | घरवहाल कर | अन्य स्रोतबाट प्राप्त रोयल्टी | प्रशासनिक शुल्क | अन्य सेवा शुल्क/ दस्तुर | परीक्षा दस्तुर | व्यक्तिगत घटना दस्तुर | सिफारिस दस्तुर | नाता प्रमाणीत दस्तुर | व्यवसाय कर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गाउँपालिका | | | ३७८९ | | | ७६०० | २०० | | | | ३११०० | ४२६८९ |
| वडा नं १ दिव्रुङ | | | | | | १३५०० | | | | | | १३५०० |
| वडा नं २ विशुखर्क | | १७१५ | | | | १००७६ | | १५० | १४०० | २०० | | १३५४० |
| वडा नं ३ हर्राचौर | | २२३ | ३०० | | | ६१८६ | | | ७१०० | | | १३८०९ |
| वडा नं ४ शान्तिपुर | ४४०० | ३८४३ | ४२३२ | | | २३०० | | ८५० | १७५०० | १९०० | ८००० | ४३०२५ |
| वडा नं ५ ग्वाघा | | ३६ | | | | ६६०० | | | ९२५० | | | १५८८५ |
| वडा नं ६ हरेवा | | ९३९ | | | | | | २०० | ३४०० | २०० | | ४७३९ |
| वडा नं ७ रुपाकोट | | ४३६ | | | | १०६०० | | ५०० | १९०० | १५०० | | १४९३६ |
| वडा नं ८ तुराङ | | २०१६ | ६४५० | | | २४४६५ | | | | | २००० | ३४९३१ |
| जम्मा | ४४०० | ९२०८ | १४७७१ | | | ८१३२७ | २०० | १७०० | ४०५५० | ३८०० | ४११०० | १९७०५५ |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

### ३. धरौटी सम्बन्धी विवरण :-

| अल्या (गत वर्षको) | यो महिना सम्मको आम्दानी | यो महिना सम्मको खर्च | बाकिँ धरौटी रकम |
|---|---|---|---|
| १४८७६१२ | २८७९५९.०३ | १५४००० | १६२१५७१.३९ |

### ४. आर्थिक प्रशासन सम्बन्धी

| विवरण | वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व.मा हालसम्मको | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|
| चालुतर्फ | ३२३६१७६९६ | ५७४५९९३.८ | ५४३२०१३१.४४ | २६९२९७५६४.५६ | |
| पुँजीगततर्फ | १४३२०४५९८ | ६५६४८६९.२४ | १३५१९३४१.२४ | १२९६८५२५६.७६ | |
| जम्मा | ४६६८२२२९४ | १२३१०८६३.०४ | ६७८३९४७२.६८ | ३९८९८२८२१.३२ | |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

## चन्द्रकोट गाउँपालिका भित्रका जनप्रतिनिधिहरुको विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | द्रोण बहादुर खत्री | अध्यक्ष | चन्द्रकोट - ३, हर्राचौर | ९८५७०६१७५१ |
| २ | राधिका अर्याल | उपाध्यक्ष | चन्द्रकोट - ८, तुराङ्ग | ९८४००२०३२८ |
| ३ | गोविन्द बहादुर बलाल | वडा अध्यक्ष | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८४७२३३३५० |
| ४ | टंक बहादुर क्षेत्री | वडा अध्यक्ष | चन्द्रकोट - २, विशुखर्क | ९७४७००६५५८ |
| ५ | किरण शाह | वडा अध्यक्ष | चन्द्रकोट - ३, हर्राचौर | ९८४४७९५५४४ |
| ६ | भरतलाल थापा | वडा अध्यक्ष | चन्द्रकोट - ४, शान्तिपुर | ९७४७०००६४८ |
| ७ | टेकबहादुर पुन | वडा अध्यक्ष | चन्द्रकोट - ५, ग्वाघा | ९७४४७९५५४४ |
| ८ | गोकर्ण प्रसाद शर्मा | वडा अध्यक्ष | चन्द्रकोट - ६, हरेवा | ९८५७०६२८२१ |
| ९ | लक्ष्मी प्रसाद भण्डारी | वडा अध्यक्ष | चन्द्रकोट - ७, रुपाकोट | ९८५७०६४२४५ |
| १० | नन्दराम अर्याल | वडा अध्यक्ष | चन्द्रकोट - ८, तुराङ्ग | ९८४७१६००९८ |
| ११ | जमुना खरेल | महिला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८६७५२७६६१ |
| १२ | कोपिला गौतम | महिला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८२१५३६९८५ |
| १३ | निर्मला सुवेदी | महिला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८६२२७२२९७ |
| १४ | लक्ष्मी राना | महिला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८६७२०५०९३ |
| १५ | मिना गलामी | महिला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८६७०४९०७६ |
| १६ | विष्णुकला थापा | महिला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८६७१५७७१६ |
| १७ | रेनुका श्रीस मगर | महिला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८०४४७२०१० |
| १८ | मिना वि.क. | दलित महिला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८४७४९७००४ |
| १९ | विष्णु सार्की | दलित महिला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८६७३८९१४ |
| २० | बधुकला कामी | दलित महिला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९७४७०६६२७७ |
| २१ | कुवारी सुनार | दलित महिला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८४७५७१८४० |
| २२ | मञ्जु सार्की | दलित महिला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८६७४१२१४० |
| २३ | ईन्द्रकुमारी सार्की | दलित महिला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८६०३८१४२० |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

| | | | | |
|---|---|---|---|---|
| २४ | मनकला कामी | दलित महिला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८४७१८४६८९ |
| २५ | कल्पना दमाई | दलित महिला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८६७२५३९२१ |
| २६ | केहरसिंह वि.क. | खुला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९८११९४१०२१ |
| २७ | धन बहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - १, दिब्रुङ्ग | ९७४७०५१५८४ |
| २८ | कृष्ण वि.क. | खुला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८५७०६४६१६ |
| २९ | राम बहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - २, विशुखर्क | ९८४७३६६८४२ |
| ३० | टेक ब. पौड्याल खत्री | खुला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८४७०२४३७३ |
| ३१ | भानुभक्त सुवेदी | खुला सदस्य | चन्द्रकोट - ३, हर्राचौर | ९८५७०६१७९४ |
| ३२ | चन्द्र बहादुर वि.क. | खुला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८४७४७०२५९ |
| ३३ | नेत्र बहादुर थापा | खुला सदस्य | चन्द्रकोट - ४, शान्तिपुर | ९८६७८०४१२५ |
| ३४ | टेक बहादुर थापा | खुला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८१६४६७१४४ |
| ३५ | नवराज जैसी | खुला सदस्य | चन्द्रकोट - ५, ग्वाघा | ९८५७०३४९४० |
| ३६ | अम्मर सिंह दगामी | खुला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८४४७७००६९ |
| ३७ | पदम बहादुर गुरुङ्ग | खुला सदस्य | चन्द्रकोट - ६, हरेवा | ९८४७५८२२८३ |
| ३८ | डिल्लीराज भण्डारी | खुला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८४७४०८४१५ |
| ३९ | हिमलाल भण्डारी | खुला सदस्य | चन्द्रकोट - ७, रुपाकोट | ९८६७०१३९७९ |
| ४० | डिल्लीराज अर्याल | खुला सदस्य | चन्द्रकोट - ८, तुराङ्ग | ९८११४६४४२७ |
| ४१ | पर्ण बहादुर सुनार | दलित/अल्पसंख्यक | चन्द्रकोट - २, विशुखर्क | ९८६०५३५८८४ |
| ४२ | कमल सुनार | दलित/अल्पसंख्यक | चन्द्रकोट - ७, रुपाकोट | ९८६७१९०५९२ |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

## चन्द्रकोट गाउँपालिका भित्रका विद्यालय र प्रधानाध्यापकहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम ठेगाना | तह | प्रकार | प्रधानाध्यापकको नाम | मोवाइल नं. |
|---|---|---|---|---|---|
| १ | भीमा प्रा.वि. चन्द्रकोट - १ | प्रा.वि. | सामुदायिक | नेत्र बहादुर बलाल | 9857064077 |
| २ | शारदा मा.वि. चन्द्रकोट -१ अर्जेवा | मा.वि. | सामुदायिक | कृष्ण बहादुर थापा | 9857085590 |
| ३ | शारदा मा.वि. चन्द्रकोट-१ सराङ | मा.वि. | सामुदायिक | राम प्रसाद अर्याल | 9847231335 |
| ४ | सरस्वती मा.वि. चन्द्रकोट-२ | मा.वि. | सामुदायिक | राजु गौतम | 9857067071 |
| ५ | जनज्योति प्रा.वि.चन्द्रकोट-२ | प्रा.वि. | सामुदायिक | हरीनारायण शर्मा | 9847233824 |
| ६ | जनता प्रा.वि. चन्द्रकोट-२ | प्रा.वि. | सामुदायिक | मञ्जु पुन | 9840970927 |
| ७ | इन्द्रचोक प्रा.वि.चन्द्रकोट-२ | प्रा.वि. | सामुदायिक | डिल्लीराज गौतम | 9851044059 |
| ८ | कालिका प्रा.वि.चन्द्रकोट-२ | प्रा.वि. | सामुदायिक | अंमृता थापा | 9867171514 |
| ९ | हर्राचौर मा.वि. चन्द्रकोट-३ | मा.वि. | सामुदायिक | भिष्म प्रसाद सुवेदी | 9860933881 |
| १० | बालबोध नि.मा.वि. चन्द्रकोट-३ | नि.मा.वि. | सामुदायिक | विष्णु बहादुर पुन | 9847233006 |
| ११ | जनसहयोग प्रा.वि. चन्द्रकोट-३ | प्रा.वि. | सामुदायिक | चम्पादेवी रेश्मी | 9868159404 |
| १२ | सरस्वती प्रा.वि. चन्द्रकोट-३ | प्रा.वि. | सामुदायिक | इश्वरा सुबेदी | 9847582455 |
| १३ | खड्गदेव प्रा.वि. चन्द्रकोट-४ | प्रा.वि. | सामुदायिक | टोपमाया क्षेत्री | 9844746250 |
| १४ | डाँडावन प्रा.वि. चन्द्रकोट-४ | प्रा.वि. | सामुदायिक | मोहन थापा | 9844794144 |
| १५ | उदय मा.वि. चन्द्रकोट-४ | मा.वि. | सामुदायिक | श्यामलाल गौतम | 9847475592 |
| १६ | बालज्योति प्रा.वि. चन्द्रकोट-४ | प्रा.वि. | सामुदायिक | लिल बहादुर पुन | 9857064882 |
| १७ | भूमिस्थान प्रा.वि. चन्द्रकोट-४ | प्रा.वि. | सामुदायिक | कृष्ण बहादुर थापा | 9847506375 |
| १८ | सन्तोषी प्रा.वि. चन्द्रकोट-४ | प्रा.वि. | सामुदायिक | ओममाया थापा | 9862273488 |
| १९ | भारती नि.मा.वि. चन्द्रकोट-४ | नि.मा.वि. | सामुदायिक | गंगा थापा | 9867711690 |
| २० | ग्वाघा मा.वि. चन्द्रकोट-५ | मा.वि. | सामुदायिक | प्रकाश थापा | 9847047403 |
| २१ | सन्तोषीमाता प्रा.वि. चन्द्रकोट-५ | प्रा.वि. | सामुदायिक | फुलमाया विश्वकर्मा | 9869945077 |
| २२ | हिमालय नि.मा.वि. चन्द्रकोट-५ | नि.मा.वि. | सामुदायिक | तिलचना थापा | 9847461093 |
| २३ | नेराचन्द्रोदय प्रा.वि. चन्द्रकोट-५ | प्रा.वि. | सामुदायिक | सुमित्रा खत्री | 9866094611 |
| २४ | हरेवा नि.मा.वि. चन्द्रकोट-६ | नि.मा.वि. | सामुदायिक | जसुदा न्यौपाने | 9860532316 |
| २५ | नर्मदा प्रा.वि. चन्द्रकोट-६ | प्रा.वि. | सामुदायिक | सागर पौड्याल | 9867144711 |
| २६ | झरना प्रा.वि. चन्द्रकोट-६ | प्रा.वि. | सामुदायिक | बाटुला सुवेदी शर्मा | 9847417557 |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | महेन्द्र प्रा.वि. चन्द्रकोट-६ | प्रा.वि. | सामुदायिक | गिता दगामी | 9840072148 |
| २८ | झापक प्रा.वि. चन्द्रकोट-६ | प्रा.वि. | सामुदायिक | सुमित्रा कुमारी राना | 9867195197 |
| २९ | चण्डिस्थान प्रा.वि. चन्द्रकोट-६ | प्रा.वि. | सामुदायिक | टिका कुमारी थापा | 9849366737 |
| ३० | शारदा मा.वि. चन्द्रकोट-७ रुपाकोट | मा.वि. | सामुदायिक | कृष्ण प्रसाद भण्डारी | 9847435914 |
| ३१ | जनता नि.मा.वि चन्द्रकोट-७ | नि.मा.वि. | सामुदायिक | शंकर भण्डारी | 9847011619 |
| ३२ | हिराभवन प्रा.वि. चन्द्रकोट-७ | प्रा.वि. | सामुदायिक | खिमलाल गैरे | 9849986436 |
| ३३ | रामकोट प्रा.वि. चन्द्रकोट-७ | प्रा.वि. | सामुदायिक | बसन्ती अर्याल न्यौपाने | 9867049280 |
| ३४ | महेन्द्ररत्न प्रा.वि. चन्द्रकोट-७ | प्रा.वि. | सामुदायिक | पवित्रा भण्डारी | 9847004920 |
| ३५ | ज्ञानोदय मा.वि. चन्द्रकोट-८ | मा.वि. | सामुदायिक | लक्ष्मी प्रसाद भण्डारी | 9847126467 |
| ३६ | जनता बालनिकेतन मा.वि. चन्द्रकोट-८ | मा.वि. | सामुदायिक | टंकनाथ अर्याल | 9867032428 |
| ३७ | उदय प्रा.वि. चन्द्रकोट-८ | प्रा.वि. | सामुदायिक | सुभद्रा पाण्डे भण्डारी | 9844754823 |
| ३८ | सरस्वती प्रा.वि. चन्द्रकोट-८ | प्रा.वि. | सामुदायिक | चन्द्रकान्त पोखरेल | 9865122849 |
| ३९ | बालकल्याण आ.वि. चन्द्रकोट-८ | नि.मा.वि. | सामुदायिक | भिमकान्त सापकोटा | 9860872017 |
| ४० | किसिकोट प्रा.वि. चन्द्रकोट-८ | प्रा.वि. | सामुदायिक | कृष्ण प्रसाद गौतम | 9847057109 |
| ४१ | बालविकास प्रा.वि. चन्द्रकोट-८ | प्रा.वि. | सामुदायिक | शिव प्रसाद पोखरेल | 9747075593 |
| ४२ | चक्रेश्वर इ.बो.इ. चन्द्रकोट-४ | मा.वि. | संस्थागत | देवेन्द्र शाह | 9857030938 |
| ४३ | भानु इ.बो.इ. चन्द्रकोट-३ | मा.वि. | संस्थागत | सुरज गुरूङ | 9857064520 |
| ४४ | पोलारिस इ.बो.इ. चन्द्रकोट-८ | मा.वि. | संस्थागत | विमल सापकोटा | 9869793653 |
| ४५ | मदरसा गुल्सने मदिना चन्द्रकोट-४ | प्रा.वि. | परम्परागत | मजलिस दिन मिया | 9747045868 |

चन्द्रकोट बुलेटिन (ई-मासिक)

**प्रकाशक:-**

चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शान्तिपुर, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## द्धारा प्रकाशित चन्द्रकोट बुलेटिन (ई-मासिक)

**प्रकाशन :**

**संरक्षक** : प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद भण्डारी

**संयोजक** : सूचना प्रविधि अधिकृत श्री कृष्ण प्रसाद गौतम

**सदस्य** : एम.आई.एस. अपरेटर श्री पवन पोखेल

कम्प्युटर अपरेटर श्री सुमित्रा भण्डारी

**सल्लाहकार** : रोजगार संयोजक श्री यज्ञमुर्ति न्यौपाने

शिक्षा अधिकृत श्री नयन सिंह ठकुरी

अधिकृत छैठौं श्री शिव प्रसाद ज्ञवाली

......................................................................................................................



इमेल : info@chandrakotmun.gov.np, chandrakotrmun@gmil.com

वेवसाइट : www.chandrakotmun.gov.np

फेसबुक : https://www.facebook.com/chandrakotgaunpalika